उन्नति

DANIDA

Nepal-Denmark Development Cooperation

UNNATI

INCLUSIVE GROWTH
PROGRAMME IN NEPAL

ACORAB Nepal

Community Information Network

| | |
|---|---|
| पुस्तक | : उन्नति |
| प्रकाशक/वितरक | : सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) |
| संस्करण | : प्रथम, २०७५ साउन |
| सम्पादक | : गोविन्द खड्का |
| सम्पादन सहयोगी | : लिलप्रकाश चन्द |
| व्यवस्थापक | : बाबुराम खड्का |
| सर्वाधिकार © | : प्रकाशकमा |
| सज्जा | : क्रियटिभ आईडियाज् (९८५१२१९२२८) |
| मुद्रित प्रति | : १००० |


# UNNATI

Book by Association of Community Radio Broadcasters Nepal, Nepal

**ILO Country Office for Nepal**

Dhobighat - Nayabato
P.O. Box No.: 8971, Lalitpur
Kathmandu, Nepal

Tel : +977-1-5555777, 5550691
Fax : +977-1-5550714
E-mail : KATHMANDU@ilo.org

SOCIAL JUSTICE
DECENT WORK

**शुभकामना**

डेनिस सरकार तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) को सहयोगमा सम्पन्न 'उन्नति-समावेशी वृद्धि कार्यक्रम' अन्तर्गत अधिकार तथा असल व्यावसायिक शासनका लागि पैरवी परियोजनाद्धारा सञ्चालित पैरवी चुनौती कोष (Advocacy Challenge Fund) ले आफ्ना २९ वटा साझेदारहरुमार्फत श्रम अधिकार तथा उत्तरदायी व्यवसाय प्रवर्द्धनमा उल्लेख्य भूमिका खेलेको मैले अनुभूति गरेको छु ।

सामुदायिक रेडियो प्रसारक सघं नेपालले आईएलओको सहकार्यमा उन्नति कार्यक्रम अन्तर्गत पैरवी कार्य गर्दाका सुखद अनुभव र सिकाईहरुलाई कैद गरेर यो पुस्तिका प्रकाशित गर्न अग्रसर भएकोमा म बधाई दिन चाहन्छु ।

उत्तरदायी व्यवसाय (responsible business) को अभ्यास अनायास हुने विषय होइन । यसका लागि श्रमिक, व्यवसायी, रोजगारदाता, सञ्चार क्षेत्र, उपभोक्ता, सबै सरोकारवालाहरुले उत्तिकै मिहेनतका साथ प्रयास गर्नु जरुरी हुन्छ । असल श्रम सम्वन्धमा टिकेको व्यवसाय नै दिगो हुने भएकाले आईएलओले सदैव श्रमिक, रोजगारदाता, सरकार तथा अन्य सरोकारवालाहरुसंग अन्योन्याश्रित सम्बन्ध राखेर असल औद्योगिक सम्वन्ध विकासमा जोड दिदै आएको छ ।

पूर्वी नेपालका सात पहाडी जिल्लाहरुमा सञ्चालित उन्नति कार्यक्रमले ल्याएका सिकाईहरु पक्कै पनि डेनिस सरकार र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) लाई मात्र नभएर अन्य विकासशील संघसस्था लगायत समग्र श्रमिक वर्ग, कृषक, व्यावसायी, सरोकारवाला, तथा सरकारी निकायहरुका लागि पनि गतिलो खुराक हुने आशा मैले लिएको छु ।

उत्तरदायी व्यवसाय प्रवर्द्धनमा सामुदायिक रेडियो प्रसारक सघं नेपालले अग्रणी भूमिका खेलोस् भन्ने शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

(डा रिचर्ड हावर्ड)

*निर्देशक*

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) नेपाल

# प्राक्कथन

नेपालको सबैभन्दा ठूलो आर्थिक क्षेत्र कृषि क्षेत्र हो । कुल गार्हस्थ उत्पादनमा करिब एक तिहाइ योगदान कृषि क्षेत्रको छ । करिब दुई तिहाइभन्दा बढी जनसङ्ख्यालाई रोजगारी तथा जीविकोपार्जनका अवसरहरू कृषि  क्षेत्रले नै प्रदान गर्दछ । तर यस क्षेत्रको व्यवसायिकरणमा बिभिन्न चुनौतिहरू विद्यमान छन् ।

डेनमार्क सरकार तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) को सहयोगमा सञ्चालित 'उन्नति समावेशी वृद्धि' कार्यक्रम अन्तर्गतको पैरवी चुनौती कोष (**Advocacy Challenge Fund** ) कार्यक्रमले तत्कालीन पूर्वाञ्चल विकास क्षेत्रका ७ जिल्लामा रहेका उद्यमी तथा साना किसानलाई लक्षित गरी कार्यक्रम गरेको छ । 'उन्नति' कार्यक्रमलाई सफल बनाउन नीतिगत पैरवी गर्न, स्वास्थ्य, सुरक्षा, उत्तरदायी व्यवसायका विषयमा जनचेतना जगाउन सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) ले पनि एक वर्षभन्दा बढी समय परियोजना सहयोगीका रूपमा काम गर्ने मौका पायो । रेडियो कार्यक्रमसहित स्थलगत रूपमा गरिएका केही नीतिगत पैरवीका कार्यक्रमले सकारात्मक प्रभाव पारेको छ ।

रेडियो कार्यक्रम र नीतिगत पैरवीले निजी उद्यमी, किसान समूह, श्रमिकबीचको सहकार्यमा समेत वातावरण तयार गरेको छ । जिम्मेवार व्यवसायका बारेमा समेत पैरवी गरेको छ । मूल्य श्रृङ्खलाको व्यवसायिकरण तथा दिगो विकासमा सहयोग पुर्‍याउन क्षेत्रीय तथा राष्ट्रिय स्तरमा समेत उपयोगी/प्रभावकारी नीतिगत छलफल गरिएको छ । ७ वटा जिल्लामा गरिएका ७ वटा नीतिगत बृहत्तर छलफल, १४ वटा सार्वजनिक सुनुवाइ र रेडियो कार्यक्रम सँगसँगै लैजाँदा त्यसको प्रभाव गाउँ तहसम्म पनि देखिएको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) अन्तर्गत **Advocacy Challenge fund** सँग सहकार्यपछि जिम्मेवार व्यवसय, किसान, मजदुरका विषयलाई प्राथिकता दिनेगरी निर्देशिका तयार गरिएको छ । अलैंची, अदुवा, चिया, दुग्धजन्य उत्पादनसहित मजदुरका विषयमा प्रदेश नम्बर १ का रेडियोहरूले अनिवार्य यो निर्देशिका लागु गर्नेछन् ।

सुवास खतिवडा

अध्यक्ष

सामुदायिक रेडियो प्रसारक संघ

# प्रकाशकीय

नेपाल कृषि प्रधान देश हो । अहिले पनि नेपालको ठूलो जनसङ्ख्या कृषिमा आश्रित छ । कुनै पनि मुलुकको विकास त्यस देशको जमिनको उत्पादकत्त्वसँग जोडिन्छ । भूमि र उत्पादनबीचको सन्तुलन मिल्दा देशको विकासको सूचकाङ्क नै फेरिएका उदाहरण छन् ।

संसारका अधिकांश मुलुकहरूले खाद्यान्न आपूर्ति र कच्चापदार्थ नवीकरणको आधार कृषिलाई मान्ने गर्दछन् । कृषि उत्पादनलाई निर्वाहमूखीभन्दा व्यवसायमुखी बनाउने बाटोमा किसानहरू लागेको  देखिन्छ । ठाउँ अनुसार कृषि र उत्पादनका प्राथमिकता पनि फरक हुन थालेका छन् । पूर्वका सातवटा जिल्लामा मुख्य चारवटा उत्पादनसँग बढी किसानहरू आश्रित भएको देखिन्छ । तीनै उत्पादन (अदुवा, अलैँची, चिया र दुग्धजन्य उत्पादन) लाई व्यवसायका रूपमा विकास गर्दै लगिएको छ । उत्पादनसँग जोडिएका नीतिगत सवालाई किसानमैत्री बनाउन र स्वास्थ्य तथा सुरक्षामा मूल्य श्रृङ्खलाका पात्रहरूलाई सजग बनाउन अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) अन्तर्गत 'उन्नति' परियोजनाले पूर्वी नेपालका सात पाहाडी जिल्लामा काम गरिरहेको छ । सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) र प्रदेश नम्बर १ को पाहाडी जिल्लाका सामुदायिक रेडियोहरूको सहकार्यमा मूल्य श्रृङ्खलाका पात्रहरूलाई उत्तरदायी व्यवसाय प्रवर्धन गर्न एक वर्षभन्दा बढी समय 'उन्नति' परियोजना अन्तर्गत काम गरिएको छ । अदुवा, अलैँची, चिया र दुग्धजन्य पदार्थको नीतिगत पैरवी, ती उत्पादनमा संलग्न मजदुरको स्वास्थ्य र सुरक्षाको दृष्किोणमा ठूलो उपलब्धि हाँसिल गरिएको छ । पूर्वका सात जिल्लासहित ७७ वटै जिल्लामा आधारभूत रूपमा कृषि र पशुपालन व्यवसायबाट जीविकोपार्जन तथा अर्थोपार्जन गर्दै आगामी दिनमा यस क्षेत्रको विकासको प्रचुर सम्भावना देखिएको छ । तिनै सम्भावनालाई उत्तरदायी व्यवसायका रूपमा थप व्यवस्थित बनाउन 'उन्नति' परियोजनाले गरिरहेका काममा सूचनाको सहकार्यले महत्त्वपूर्ण योगदान गरेको छ । वर्षौँसम्म श्रम क्षेत्रमा काम गरिरहेका मजदुरले सुरक्षाजन्य साधन प्रयोग गर्न थालेका छन्, महिला र पुरूषबीचको असमान ज्यालाका विषयमा महिलाहरू नै बहस गर्न थालेका छन् । दुग्धजन्य पदार्थको मूल्यमा किसानले पाउनेगरी स्थानीय तहले नीति बनाउन थालेका छन् । उद्योगीहरूले उत्तरदायी व्यवसायमा प्रतिबद्धता जनाएका छन् । कामदारको स्वास्थ्य र सुरक्षामा सजगता अपनाएका छन् । मूल्य

श्रृङ्खलामा जोडिएका किसान, मजदुर, उद्योगी सबैपक्षलाई उत्तरदायी बनाउन रेडियो कार्यक्रम महत्त्वपूर्ण सावित भएको छ । व्यापारिक सङ्घ, सङ्गठनहरू, उपयोगी वस्तुका उत्पादकहरू, श्रमिक, श्रम सङ्गठनहरू, मूल्य अभिवृद्धिको क्षेत्रमा काम गर्ने अभियन्ता वा कार्यरत समूह र नागरिक संस्थाहरूलाई एकै ठाउँमा समेटेर उत्तरदायी व्यवसाका विषयमा पैरवीलाई महत्त्वपूर्ण रूपमा लगिने प्रतिबद्धतासमेत अकोराब व्यक्त गर्दछ ।

वृहत् जनचेतनालाई प्रोत्साहन, अधिकार तथा व्यवसायिक सुशासनसँगै उत्तरदायी व्यवसायका महत्त्वका बारेमा बृहत्तर जनचेतना प्रवर्धन भएको छ ।

* * *

# परिचय

यो प्रकाशन डेनिस सरकारको सहयोग र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) 'उन्नति' परियोजना अन्तर्गत पैरवी चुनौती कोष (Advocacy Challenge Fund) अन्तर्गत रेडियो अभियानसँग जोडिएका केही अनुभव, सफलताहरूको सङ्ग्रह हो । गरिबी निवारण र जीवनस्तर सुधार गर्ने कार्यमा केन्द्रित भएर पूर्वका सातवटा जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, धनकुटा र सङ्खुवासभा) मा 'उन्नति' परियोजना अन्तर्गत गरिएको अभियान सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) नेपाल र सामुदायिक सूचना नेवटर्क (सीआईएन) मार्फत देशव्यापी रूपमा पुगेको छ । अलैँची, चिया, अदुवा र दुग्धजन्य उत्पादनको बजारमा आधारित विकासलाई बलियो बनाउन 'उन्नत नेपालका लागि समावेशी विकास कार्यक्रम' अन्तर्गत अकोराबले सीआईएन र सामुदायिक रेडियो परिचालन गरेर मूल्य श्रृङ्खलामा जोडिएका पक्षलाई जिम्मेवार बनाउने काम गरेको छ । २०१७ जुन १५ देखि सुरू भएको परियोजना २०१८ मे १४ सम्म ११ महिना रेडियो कार्यक्रम, नीतिगत छलफलमा उठाएका सवाल र त्यसको प्रभावका विषयहरू पुस्तकमा समेटिएका छन् । ११ महिनामा थुप्रै राजनीतिक दलका नेता, व्यवसायी, किसान, मजदुर, मजदुर सङ्गठन नागरिक समाजका अगुवासँग छलफल गरिएको छ । रेडियो कार्यक्रममार्फत प्रदेश नम्बर १ को पाहाडी सातवटा जिल्लाका नागरिकलाई जोडिएको थियो । सातवटै जिल्लामा सार्वजनिक सुनुवाइ, लक्षित समूह छलफल र नीतिगत बहस पनि गरिएको छ । परियोजनाको अन्तिममा प्रदेश नम्बर १ को अस्थायी राजधानी विराटनगरमा उत्तरदायी व्यवसायका विषयमा राष्ट्रियस्तरको नीतिगत छलफल गरिएको थियो । ती छलफलमा आएका केही प्रतिबद्धतालाई पनि पुस्तकको सामग्री बनाइएको छ । परियोजना सञ्चालन गर्नु अगाडि पूर्वका सात जिल्लामा रहेका मुख्य उत्पादन अलैँची, चिया, अदुवा र दुग्धजन्य उत्पादनमा नीतिगत समस्या थिए । भएका नीतिहरूको पनि कार्यान्वयन भइरहेको थिएन । अदुवामा किसानले अदुवालाई बजारसम्म पुऱ्याउने प्रक्रियादेखि किसानले पाउने अनुदान, त्यसको सङ्कलन केन्द्रको पनि समस्या थियो । अलैँचीमा मूल्यमा गिरावट, रोगको प्रकोप, अलैँचीको भण्डारणमा पनि समस्या थियो । चिया क्षेत्रमा काम गर्ने मजदुरको स्वास्थ्य र सुरक्षामा ठूलो समस्या थियो, महिला र पुरूषको ज्यालामा समानता थिएन । दुग्धजन्य उत्पादन किसान र बजारको मूल्यको तालमेल थिएन । परियोजना सञ्चालनपछि केही ठाउँमा नीतिगत, व्यवहारिक प्रभाव परेको छ । नागरिकले सूचना पाएपछि केही ठाउँमा उत्तरदायी व्यवसायका विषयमा बहस हुन थालेको छ ।

* * *

# विषयसूची


१. गाउँमै  रोजगारी, घर–घरमा आम्दानी
२. व्यवहार र नीति सुधार्दै रेडियो
३. कृषि वस्तुमूल्य शृङ्खला विकास अवसर र चुनौती
४. रेडियोको समाचारले रोकेको अनियमितता
५. विषादीको अवैध कारोबार
६. घर–घरमा जैविक विषादी उद्योग
७. 'उन्नति' देशको आर्थिक विकासको एउटा खुड्किला
८. उत्पादनलाई सडकसँग जोड्दै उन्नतिमा फड्को
९. 'उन्नति' को सहयोगले उन्नतिका आधार बन्दै
१०. धनकुटामा दुग्धजन्य उत्पादन बढ्दो
११. चिया मजदुरको पारिश्रमिकः सरकारीभन्दा निजीमा दोब्बर
१२. दूधका कारण किसान उन्नतिको बाटोमा
१३. स्वादले गास्यो अलैँचीसँगको नाता
१४. चिया टिपन मेसिन कि हात ?
१५. साँच्चिकै नमूना पहिलो सामूहिक नमूना चिया खेती
१६. एउटा तालिमले बनायो अदुवा गाउँ
१७. अलैँची नीतिको आवश्यकता किन?
१८. हराउँदै चौँरीपालक किसान
१९. बाँसको डोकोदेखि डाट्सन कारसम्म
२०. अलैँची जति आम्दानी उत्तिकै जोखिम
२१. किसानको उन्नतिका लागि 'उन्नति'
२२. जीवन बदल्दै खोल्साको सुन
२३. लाहुरेको चिया मोहले बदलियो गाउँ
२४. गैरी गाउँः कथा एक, सम्भावना अनेक
२५. सामुदायिक रेडियोका लागि
२६. मूल्य शृङ्खला निर्देशिका